चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

मिति :- २०८१/०२/१३ गते
समय :- बिहान ठीक ११:०० बजेदेखि
स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको **३३ औं बैठक** नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प वादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

शेर प्रसाद ढकाल

## मिति २०८१/०२/१३ गतेको नगर कार्यपालिकाको ३३ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने। | |
| ३ | आर्थिक वर्ष २०८१/०८२ मा मुख्यमन्त्री रोजगार कार्यक्रम योजना एकीकृत र सिफारिस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाका वडाहरूबाट छनोट भइ यस कार्यालयमा पेस हुन आएका योजनाहरू प्राथमिताक्रम निर्धारण र एकीकृत गरी सिफारिस गर्ने। | |
| ४ | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | नाख्ला सौर्य पोखरी तिमीले सडक खण्डक (२.८८ कि.मी.) निर्माण प्रयोजनका लागि उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेशबाट सहमति प्राप्त भएबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने। | |
| ५ | जग्गा रजिष्ट्रेशन पास वापतको खर्च सम्बन्धी प्रस्ताव | एकीकृत सामुदायिक भवन निर्माण वडा नं. ३ मा जग्गा प्राप्ति गर्न सम्बन्धित जग्गा धनीहरू मालपोत कार्यालय रुकुम (पश्चिम) मा गइ रजिष्ट्रेशन पास गर्दा लाग्ने सम्पूर्ण खर्च चौरजहारी नगर कार्यपालिकाको कार्यालयले व्यहोर्ने। | |
| ६ | मकै पकेट विकास कार्यक्रम निरन्तरता शीर्षकको बजेट कार्यान्वियन सम्बन्धी प्रस्ताव | ताजा तरकारी बीउँ उत्पादन कृषक समूह चौरजहारी नगरपालिका-३ रुकुम (पश्चिम) सँग सम्झौता गरी उक्त शीर्षकमा विनियोजित बजेट कार्यान्वियन गर्ने। | |
| ७ | गणतन्त्र दिवस मनाउने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका स्तरमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी गणतन्त्र दिवस, २०८१ लाई हर्षोउल्लासपूर्वक भव्यताका साथ मनाउने। | |
| ८ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गठन गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका स्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति अनुगमन समिति गठन गर्ने। | |
| ९ | ब्लड बैङ्क व्यवस्थापन खर्च शीर्षको बजेट कार्यान्वियन सम्बन्धी प्रस्ताव | नेपाल रेड्क्रस सोसाइटी उपशाखा चौरजहारीसँग सम्झौता गरी बजेट कार्यान्वियन गर्ने। | |
| १० | बालकल्याण अधिकारीको जिम्मेवारी सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल | |

| | | |
|---|---|---|
| ११ | उत्पादनका लागि साझेदारी कार्यक्रमको बजेट थप सम्बन्धी प्रस्ताव | २०८० माघ ८ गतेको १८ औं नगरसभाको निर्णयबमोजिम उत्पादनका लागि साझेदारी कार्यक्रम अन्तर्गत वडा नं. १ ले उक्त बजेट कार्यान्वयन नगरेकोले वडा नं. ५ मा थप गर्ने। |
| १२ | स्वास्थ्य संस्थाहरूका लागि औषधी खरिद सम्बन्धी प्रस्ताव | स्वास्थ्य संस्थाहरूमा औषधी अभाव हुन नदिन बोलपत्र आह्वानबाट बचत हुन गएको रकमले औषधी खरिद गरी औषधी अभाव हुन नदिने अवस्था सुनिश्चित गर्ने। |
| १३ | विविध समसायिक विषयमा छलफल गर्ने सम्बन्धी प्रस्ताव | १. चौरजहारी नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७८ बमोजिम प्रदान गरिएको आर्थिक सहायता मनासिव देखिएकोले अनुमोदन गर्ने।<br>२. चौरजहारी नगरपालिकाको १९ औं नगरसभा मिति २०८१ असार ७ गते शुक्रबारका दिन आह्वान गर्ने।<br>३. सार्वजनिक जवाफदेहिताको प्रवर्धनका साथै सुशासन र पारदर्शिता कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न मितिमा दिइएका सुझावहरू कार्यान्वयन गर्ने।<br>४. ठुली पोखरी खानेपानी ट्याङ्की निर्माण गरी खानेपानीको सहज व्यवस्था मिलाउने र उक्त ट्याङ्की निर्माणका लागि आवश्यक रकमबाट भुक्तानी दिने।<br>५. भूकम्पका कारण यस चौरजहारी नगरपालिका क्षेत्रभित्र भएको क्षतिको विवरण दर्शाउने वृत्तचित्र निर्माण तथा जनमत सङ्कलन गरेवापत् राज्य रुपान्तरण प्रा.लि. काठमाडौंलाई भुक्तानी दिने। |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

## मिति २०८१/०२/१३ गतेको ३३ औं नगर कार्यपालिकाको बैठमा पेस भएका प्रस्तावित निर्णयहरू

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअधि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ को **'आर्थिक वर्ष २०८१/०८२ मा मुख्यमन्त्री रोजगार कार्यक्रम योजना एकीकृत र सिफारिस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, सुर्खेतले आर्थिक वर्ष २०८१/०८२ को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनौट गरी पठाउन च.नं. २७०१, मिति २०८१ जेठ ६ गते पठाएको पत्रानुसार यस चौरजहारी नगरपालिकाका वडाहरूबाट छनोट भइ यस कार्यालयमा पेस हुन आएका **अनुसूची-१** बमोजिमका योजनाहरू प्राथमिताक्रम निर्धारण र एकीकृत गरी सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार समपूरकतर्फको नाख्ला सौर्य पोखरी तिमीले सडक खण्डक (२.८८ कि.मी.) निर्माण प्रयोजनका लागि उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेशको च.नं. १७९ मिति २०८१ जेठ ७ गतेको सहमति पत्र प्राप्त भएकोले उक्त सडक निर्माणका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'जग्गा रजिष्ट्रेशन पास वापतको खर्च सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको वडा नं. ३ मा एकीकृत सामुदायिक भवन निर्माणका लागि चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८० माघ ९ गतेको निर्णयअनुसार एकीकृत सामुदायिक भवन निर्माण वडा नं. ३ मा जग्गा प्राप्ति गर्न सम्बन्धित जग्गा धनीहरू मालपोत कार्यालय रुकुम (पश्चिम) मा गइ रजिष्ट्रेशन पास गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, परामर्श शुल्क, आयकरका साथै खाना खाजा, यातायातलगायतको सम्पूर्ण खर्च चौरजहारी नगरपालिकाले व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'मकै पकेट विकास कार्यक्रम निरन्तरता शीर्षको बजेट कार्यान्वयन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सङ्घ सरकारबाट वित्तीय हस्तान्तरण भएको सर्सत स्वीकृत बजेट तथा कार्यक्रम आर्थिक वर्ष २०७९/०८० मा स्थापना भएको मकै बाली पकेट विकास कार्यक्रम निरन्तरता शीर्षकमा प्राप्त बजेट गत आर्थिक वर्ष ताजा तरकारी बीउँ उत्पादन कृषक समूह चौरजहारी नगरपालिका-३ रुकुम (पश्चिम) छनोट भइ कार्यान्वयन भएकोले चालु आर्थिक वर्षमा सोही कृषक समूहसँग सम्झौता गरी उक्त शीर्षकमा विनियोजित ४ लाख ९८ हजार बजेट कार्यान्वयन गर्ने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुण्य वादी
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'गणतन्त्र दिवस मनाउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा गणतन्त्र दिवस, २०८१ मूल समारोह समितिका अध्यक्ष तथा सम्मानीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा मिति २०८१ जेठ १ गतेको बैठकले गणतन्त्र दिवस भव्यताका साथ मनाउने निर्णयबमोजिम यस चौरजहारी नगरपालिका स्तरमा पनि जेठ १४, १५ र १६ गते तीन दिनसम्म  दीप प्रज्वलन, मुख्य चोकमा गेट निर्माण, कार्यालय सरसफाइ, रक्तदान, प्रभातफेरि र विद्यालयहरूमा सचेतनामूलक कार्यक्रम आयोजना गरी हर्षोउल्लासपूर्वक गणतन्त्र दिवस मनाउने निर्णय गरियो।

**निर्णय नं. ८** :  प्रस्ताव नं. ८ **'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गठन गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयन गर्न  यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) मा तपसिलबमोजिमको नगरपालिका स्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल**

श्री पुष्प वादी – नगर प्रमुख – संयोजक
श्री ईश्वरीकुमारी शर्मा बि.एम्. – नगर उपप्रमुख – सदस्य
श्री शेरप्रसाद ढकाल – प्रमुख प्रशासकीय अधिकृत – सदस्य
श्री लालबहादुर बुढा – सामाजिक विकास समिति संयोजक – सदस्य
श्री विमला वि.क. – कार्यपालिका सदस्य – सदस्य
श्री तुलाराम सुनार – कार्यपालिका सदस्य – सदस्य
श्री पुतला पुन – कार्यपालिका सदस्य – सदस्य
श्री सन्देश जैसी – लक्षित वर्गमा काम गर्ने संस्था – सदस्य
श्री तेजबहादुर बटाला - लक्षित वर्गमा काम गर्ने संस्था – सदस्य
श्री मेलिना रोकाय - लैङ्गिक समानता तथा समाजिक समावेशीकरण फोकल व्यक्ति – सदस्य
श्री पवित्रा पोखरेल – महिला, बालबालिका तथा समाजकल्याण उपशाखा प्रमुख – सदस्य सचिव

**निर्णय नं. ९** : प्रस्ताव नं. ९ **'ब्लड बैङ्क व्यवस्थापन खर्च शीर्षकको बजेट कार्यान्वयन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार ब्लड बैङ्क व्यवस्थापन खर्च शीर्षकमा विनियोजन भएको बजेट कार्यान्वयनका लागि चौरजहारी नगरपालिका-१ रुकुम (पश्चिम) मा ब्लड बैङ्क सञ्चालन गरेको नेपाल रेडक्रस सोसाइटी उपशाखा चौरजहारी रुकुम (पश्चिम) सँग सम्झौता गरी कर्मचारीको तलब भत्ता, मर्मत सम्भार लगायतको व्यवस्थापन खर्चमा भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १०** :  प्रस्ताव नं. १० **'बालकल्याण अधिकारीको जिम्मेवारी सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकामा  बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि महिला बालबालिका तथा समाजकल्याण उपशाखा प्रमुख श्री पवित्रा शर्मा (पोखरेल) लाई बालकल्याण अधिकारीको थप जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. ११** : प्रस्ताव नं. ११ **'उत्पादनका लागि साझेदारी कार्यक्रमको बजेट थप सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको मिति २०८० माघ ८ गतेको १८ औं नगरसभाको निर्णयबमोजिम उत्पादनका लागि साझेदारी कार्यक्रमअन्तर्गत वडा नं. १ लाई रु. १० लाख बजेट विनियोजन गरिएकोमा सो बजेट कार्यान्वयन गर्न स्थानीय इच्छुक नभएकोले उक्त बजेट चौरजहारी नगरपालिका वडा नं. ५ मा यसअघिको बजेटमा रु. १० लाख थप  गरी चौरजहारी नगरपालिकाको कृषि पकेट सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम कार्यान्वनय गर्ने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. १२** : प्रस्ताव नं. १२ **'स्वास्थ्य संस्थाहरूका लागि औषधी खरिद सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा २०८० कार्तिक १७ गते राति जाजरकोट केन्द्रविन्दु भइ गएको भूकम्पका कारण चौरजहारी नगरपालिकावासी अस्थायी आवासमा कष्टकर रुपमा बस्नु पर्दा बिरामी हुने सम्भावना बढेको, वर्षामा दुषित पानीका कारण ज्वरो, टाइफाइड, रुघाखोकी, झाडापखाला, आँउ, हैजा लगायतका रोगहरूको संक्रमण बढ्न सक्ने, आर्थिक वर्षको सुरुमा ठेक्का प्रक्रियामा लामो समय लाग्ने र स्वास्थ्य आपूर्ति श्रृङ्खला व्यवस्थापन निर्देशिकाले स्वास्थ्य संस्थाहरूमा औषधी तथा सर्जिकल सामग्रीहरूको लागि मौज्दात राख्नुपर्ने व्यवस्था गरेको साथै आर्थिक वर्ष अन्त्य हुन लागेको अवस्था समेतलाई मध्यनजर गरी पहिलो पटकको बोलपत्रबाट बचत हुन गएको रकमबाट तत्काल विद्युतीय (सिलकोटेसन) गरी औषधी खरिद गर्ने र पुनः रकम बचत भएमा यस अघि बोलपत्रदातहरूबाट पेस भएकै दररेटमा थप औषधी तथा सर्जिकल सामग्री खरिदका लागि पत्राचार गर्ने यदि उक्त दररेटमा उपलब्ध हुन नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सोझै खरिद गरी औषधी तथा सर्जिकल सामग्रीको अभाव हुन नदिने अवस्था सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** : प्रस्ताव नं. १३ **'विविध समसामयिक प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७८ बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट विपन्न, अशक्त नागरिकहरूलाई प्रदान गरिएको **अनुसूची २** बमोजिमको आर्थिक सहायता वापतको रकम मनासिव भएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** : प्रस्ताव नं. १३ **'विविध समसायमिक प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ का लागि यस चौरजहारी नगरपालिकाको निती कार्यक्रम र वार्षिक बजेट प्रस्तुत गरी निर्णय गर्न १९ औं नगरसभाको आह्वान मिति २०८१ असार ७ गते शुक्रबारका दिन आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५** : प्रस्ताव नं. १३ **'विविध समसामियक प्रस्तावमा'** छलफल गर्दा सार्वजनिक जवाफदेहिताको प्रवर्धनका साथै सुशासन र पारदर्शिता कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न मितिमा दिइएका सुझावहरूका सम्बन्धमा छलफल गरी उक्त सुझावहरू कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** : प्रस्ताव नं. १३ **'विविध समसायमिक प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका वडा नं. १० स्थित भलाक्चामा खानेपानी ट्याङ्की नहुँदा उक्त टोलका २३ घरपरिवारहरू खानेपानी समस्यामा परेकोले ठुली पोखरी खानेपानी ट्याङ्की निर्माण गरी खानेपानीको सहज व्यवस्था मिलाउने र उक्त ट्याङ्की निर्माणका लागि रु. २ लाख रकम आयोजनाको कन्टेन्जेन्सी वापतको रकमबाट भुक्तानी दिने र चौरजहारी नगरपालिका वडा नं. १२ मा सानाखोला स्वाँरा सिंचाइ कुलो निर्माण आयोजनाका लागि प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम तथा सङ्घ तथा प्रदेशसँग म्याचिङ् शीर्षकबाट भुक्तानी गर्ने गरी आयोजना सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७** : प्रस्ताव नं. १३ **'विविध समसामयिक प्रस्तावमा'** छलफल गर्दा २०८० कार्तिक १७ गते राति जाजरकोट रामीडाँडा केन्द्र बिन्दु भइ गएको भूकम्पका कारण यस चौरजहारी नगरपालिका क्षेत्रभित्र भएको क्षतिको विवरण दर्शाउने वृत्तचित्र निर्माण तथा जनमत सङ्कलन गरेवापत् राज्य रुपान्तरण प्रा.लि. काठमाडौंलाई रु. १ लाख १३ हजार रकम भुक्तानी दिने निर्णय गरियो ।

**बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल

अनुसूची -१

(निर्णय नं. ३ सँग सम्बन्धित)

**मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०८१/०८२ का लागि छनोट र प्राथमिकताक्रम तोकिएका योजनाहरू**

| क्र.स. | योजनाको नाम | अनुमानित लागत रकम | प्राथमिकताक्रम |
|---|---|---|---|
| | **वडा नं. १** | | |
| १ | देवल सुनार गाउँ हुदै ठोस्सा ठीकसम्म सिँचाई कुलो निर्माण | १५००००० | १ |
| २ | १४ नं. आउलेटबाट विसाउन हुँदै गोपाल गोसाई घर लामासालसम्म सिँचाई कुलो निर्माण | १५००००० | २ |
| ३ | ठगेन्द्र भाटको घरदेखि ढाराआला हुँदै भेरी किनारसम्म सिँचाई कुलो निर्माण | १५००००० | ३ |
| | **वडा नं. २** | | |
| ४ | खोप्री सिँचाइ कुलो निर्माण | १५००००० | १ |
| ५ | डाङ्गीपाखा कालापाथर पैदल मार्ग निर्माण | १५००००० | २ |
| ६ | पधेरीखोला खेल मैदान निर्माण | १५००००० | ३ |
| | **वडा नं. ३** | | |
| ७ | कार्कीटोल सडक स्तरोन्नति | १५००००० | १ |
| ८ | विद्युत पावरहाउस देखि विद्युत अफिससम्म सडक निर्माण | १५००००० | २ |
| ९ | टाटागाउँ भेरी नदी पैदल मार्ग | १५००००० | ३ |
| | **वडा नं. ४** | | |
| १० | छहराखोला एक्लेसाल वारमासे सिँचाई पोखरी कुलो निर्माण | १५००००० | १ |
| ११ | ओखर खोली खानेपानी आयोजना | १५००००० | २ |
| १२ | सल्लेखर्क गैरीगाउँ अमलाटाकुरा पैदलमार्ग | १५००००० | ३ |
| | **वडा नं. ५** | | |
| १३ | खरहे रातामाटा दलित वस्ति जोखिम नियन्त्रण | १५००००० | १ |
| १५ | खहरे थापागाडा र मल्यासिम पैदल मार्ग निर्माण | १५००००० | २ |
| १४ | विसमुरी वर्माथान खुटीडाँडा पैदल मार्ग निर्माण | १५००००० | ३ |
| | **वडा नं. ६** | | |
| १६ | शान्तिबजार दमार आक्चेखानी तल्नापोरा पैदल मार्ग निर्माण | १५००००० | १ |
| १७ | चिसापानी, पाखाखेत सिँचाई कुलो निर्माण | १५००००० | २ |
| १८ | तिमिले लामेला खानेपानी आयोजना | १५००००० | ३ |
| | **वडा नं. ७** | | |
| १९ | मा.वि. कोटजहारी घेराबार | १५००००० | १ |
| २० | भगुन्ने सिँचाई कुलो निर्माण | १५००००० | २ |
| २१ | सौर्यखोला भुतनाच्चे सिँचाई कुलो निर्माण | १५००००० | ३ |
| | **वडा नं. ८** | | |
| २२ | वडा नं. ८ सिँचाई पोखरी निर्माण | १५००००० | १ |
| २३ | कालिका आधाभूत विद्यालय गोइरी घेरबार | १५००००० | २ |
| २४ | गेस्मा खानेपानी टङ्की निर्माण | १५००००० | ३ |

पुष्प वादी

| क्र.स. | योजनाको नाम | अनुमानित लागत रकम | प्राथमिकताक्रम |
|---|---|---|---|
| | **वडा नं. ९** | | |
| २५ | काफल पानी ओखर बारी लिप्ट खानेपानी मर्मत तथा घेरबार | १५००००० | १ |
| २६ | गुर्तालगाउँ कामीगाउँ तलिगाउँ ढुङ्गे खानी पैदल मार्ग निर्माण | १५००००० | २ |
| २७ | निर्माणाधिन वडा कार्यालय भवन निर्माण | १५००००० | ३ |
| | **वडा नं. १०** | | |
| २८ | शहिद स्मृति कृषि उपज सङ्कलन तथा प्रशोधन भवन निर्माण | १५००००० | १ |
| २९ | वडा कार्यालय माथिल्लो तला निर्माण | १५००००० | २ |
| ३० | आधाभूत विद्यालय विसाउने घेरबार | १५००००० | ३ |
| | **वडा नं. ११** | | |
| ३१ | बस्नेवटा राहुडाँडा सडक निर्माण | १५००००० | १ |
| ३२ | हरिफाले सल्लेरी सडक निर्माण | १५००००० | २ |
| ३३ | चाखलडाँडा भालुखोरे सडक निर्माण | १५००००० | ३ |
| | **वडा नं. १२** | | |
| ३४ | पतेरी सिँचाई निर्माण कुलो निर्माण | १५००००० | १ |
| ३५ | उल्लेरी सिँचाई निर्माण कुलो निर्माण | १५००००० | २ |
| ३६ | साँरा सिँचाई निर्माण कुलो निर्माण | १५००००० | ३ |
| | **वडा नं. १३** | | |
| ३७ | साक्चाखोला धुसुबगर सिँचाई कुलो निर्माण | १५००००० | १ |
| ३८ | गुण्डलेखोला सालबोट सिँचाई कुलो निर्माण | १५००००० | २ |
| ३९ | चौ.न.पा. १३ नं. वडाको शहिद पार्क स्तरोन्नति | १५००००० | ३ |
| | **वडा नं. १४** | | |
| ४० | जुरूढुङ्गा दारवमबोट पेदिखेत सिँचाई कुलो निर्माण | १५००००० | १ |
| ४१ | बिचकटिया अधेरीखोला घट्टेखोला कालाखोला सडक निर्माण | १५००००० | २ |
| ४२ | खानीखोला जब्रेनी हुँदै लाकुरीबोट सम्म गोरेटो बाटो निर्माण | १५००००० | ३ |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

अनुसूची २

(निर्णय नं. ११ सँग सम्बन्धित)

**विपन्न नागरिक आर्थिक सहायता प्राप्त गर्नेहरूको विवरण**

| क्र.स. | आर्थिक सहायता प्राप्त गर्नेको नामथर | ठेगाना | रकम |
|---|---|---|---|
| १ | गोपाल बुढाथोकी | चौरजहारी नगरपालिका-३, रुकुम (पश्चिम) | ५००० |
| २ | भीमबहादुर वादी | चौरजहारी नगरपालिका-१०, रुकुम (पश्चिम) | ७००० |
| ३ | मनिषा नेपाली | चौरजहारी नगरपालिका-४, रुकुम (पश्चिम) | ५००० |
| ४ | विमला नेपाली | चौरजहारी नगरपालिका-४, रुकुम (पश्चिम) | ५००० |
| ५ | समीक्षा वि.क. | चौरजहारी नगरपालिका-४, रुकुम (पश्चिम) | ५००० |
| ६ | कृष्णा नेपाली | चौरजहारी नगरपालिका-११, रुकुम (पश्चिम) | ७००० |
| ७ | विनोदकुमार वि.क. | चौरजहारी नगरपालिका-१३, रुकुम (पश्चिम) | ५००० |
| ८ | शीतली परियार | चौरजहारी नगरपालिका-४, रुकुम (पश्चिम) | ६००० |
| ९ | रामबहादुर बोहरा | चौरजहारी नगरपालिका-१२, रुकुम (पश्चिम) | ५००० |
| १० | हस्तकली खत्री | चौरजहारी नगरपालिका-११, रुकुम (पश्चिम) | २६५४५ |
| ११ | विमला कुमाल | चौरजहारी नगरपालिका-३, रुकुम (पश्चिम) | २५००० |
| १२ | गम्भीर वि क | चौरजहारी नगरपालिका-१३, रुकुम (पश्चिम) | ६००० |
| १३ | टेकबहादुर गिरी | चौरजहारी नगरपालिका-१, रुकुम (पश्चिम) | २०००० |
| १४ | पलबहादुर मल्ल | चौरजहारी नगरपालिका-९, रुकुम (पश्चिम) | ६००० |
| १५ | विरसिंह नेपाली | चौरजहारी नगरपालिका-५, रुकुम (पश्चिम) | ५००० |
| १६ | गम्भीर वि क | चौरजहारी नगरपालिका-१३, रुकुम (पश्चिम) | १०००० |
| १७ | नाक्चे कामी | चौरजहारी नगरपालिका-१४, रुकुम (पश्चिम) | ६००० |
| १८ | देउरुपा पुन | चौरजहारी नगरपालिका-१०, रुकुम (पश्चिम) | ९००० |
| १९ | कमला परियार | चौरजहारी नगरपालिका-३, रुकुम (पश्चिम) | ५००० |
| २० | तुलाराम बटाला | चौरजहारी नगरपालिका-३, रुकुम (पश्चिम) | २०००० |
| २१ | सुनिता पुन बुढा | चौरजहारी नगरपालिका-५, रुकुम (पश्चिम) | २०००० |
| २२ | रामकुमार प्याकुरेल | रतुवामाई नगरपालिका-८, मोरङ्ग | ५००० |
| २३ | निरोज विष्ट | चौरजहारी नगरपालिका-१, रुकुम (पश्चिम) | २५००० |
| २४ | कालु कुमाल | चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम) | २५००० |

शेर प्रसाद ढकाल　　　　पुष्प वादी